REG.NO. 1289/067/068

यूनिभर्सल पावर कम्पनी लिमिटेड
Universal Power Company Limited

Ref no: UPCL/EL/2081/82

मिति : वैशाख ३०, २०८२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय :- २०८१/०८२ को तेस्रो त्रैमासिक विवरण प्रकाशित गरिएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस यूनिभर्सल पावर कम्पनी लिमिटेडको आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक विवरण (धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ बमोजिम) मिति बैशाख ३०, २०८२ मा आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको कुरा यहाँ समक्ष जानकारी गराउँदछौं ।

संलग्न :

१. आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक वित्तिय विवरण ।

भवदीय,

हरी पन्थी
परिपालन अधिकृत

बोधार्थ :

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग, सानो गौचरन, काठमाण्डौं ।

Bluestar complex, Tripureshwor-11, Kathmandu, Nepal Tel: 01-4101097, 01-4251463,
Email: universal2067@gmail.com, Web: www.universalpowercompany.com.np

वर्ष २० | अंक २१० | काठमाडौं | मंगलवार, ३० वैशाख २०८२ | Tuesday, 13 May 2025 | पृष्ठ ८ | मूल्य रू. १०

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक प्रतिवेदन

यूनिभर्सल पावर कम्पनी लिमिटेड

चौथो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं ।
फोनः ०१-५३५१४६३

१) वित्तीय विवरण :

क) आ.व.२०८१/०८२ को तेश्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

वित्तीय अवस्थाको विवरण

(रकम रु. मा)

विवरण	लेखा परीक्षण नभएको		
	चैत्र मसान्त २०८१ सम्मा	पुष मसान्त २०८१ सम्मा	चैत्र मसान्त २०८० सम्मा
सम्पत्ति			
गैह्र चालु सम्पत्ति			
स्थिर सम्पति	२,८९६,४३०,६०४.७८	२,९०३,८०६,७००.१०	२,९२२,४४१,३२०.१६
पूँजीगत कार्य प्रगति	७५,९७३,३०७.०१	७४,७०२,०५७.०१	६८,१४५,२४१.६४
लगानी	६६४,८५३,७५३.७८	६६४,८५३,७५३.७८	१४४,२३०,४००.००
जम्मा गैह्र चालु सम्पत्ति	**३,६३७,२५७,६६५.५७**	**३,६४३,३६२,५१०.८९**	**३,१३४,८१६,९६१.८०**
चालु सम्पत्ति			
नगद तथा बैंक मौज्दात	८६,०७६,८३१.४६	८५,९००,७९६.९२	३३,२४२,२११.५०
मुद्दती निक्षेपमा लगानी	१७०,०००,०००.००	१७०,०००,०००.००	१७०,०००,०००.००
आसामीहरु	२९,२६४,४९८.४१	४२,५५६,७२८.८५	२५,००६,७१४.५२
अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी	८०,९९१,७१२.१८	७१,५०२,३३८.४२	५६१,८२१,६९५.६९
जम्मा चालु सम्पत्ति	**३६६,३३३,०४२.०५**	**३६९,९५९,८६४.१९**	**७९०,७७०,६२१.७१**
जम्मा सम्पत्ति	**४,००३,५९०,७०७.६२**	**४,०१३,३२२,३७५.०८**	**३,९२४,८८७,५८३.५१**
पुँजी तथा दायित्व			
पुँजी तथा जगेडा कोष			
शेयर पूँजी	२,२७९,९२९,९२५.००	२,२७९,९२९,९२५.००	२,२७९,९२९,९२५.००
जगेडा कोष र संचित नाफा	२५२,७९२,४१९.०१	२६०,१२०,४८७.६०	१४४,६७७,९५५.१८
जम्मा पुँजी तथा जगेडा कोष	**२,५३२,७२२,३४४.०१**	**२,५४०,०५०,४१२.६०**	**२,४२४,६०७,८८०.१८**
दायित्व			
गैह्र चालु दायित्व			
दीर्घकालीन बैंक ऋण	१,३९५,८६६,६३१.४८	१,४१२,३००,३४७.८२	१,४४६,०९२,८५२.१३
जम्मा गैह्र चालु दायित्व	**१,३९५,८६६,६३१.४८**	**१,४१२,३००,३४७.८२**	**१,४४६,०९२,८५२.१३**
चालु दायित्व र व्यवस्था			
व्यापारिक र अन्य दायित्व	७१,५६३,६०३.९७	५७,०९३,९६६.९१	५२,०८९,२३८.३३
अन्य व्यवस्थाहरु	३,४३८,१२८.१५	३,८७७,६४७.७५	२,०९७,६१३.६७
जम्मा चालु दायित्व तथा व्यवस्थाहरु	**७५,००१,७३२.१३**	**६०,९७१,६१४.६६**	**५४,१८६,८५२.००**
जम्मा पुँजी तथा दायित्व	**४,००३,५९०,७०७.६२**	**४,०१३,३२२,३७५.०८**	**३,९२४,८८७,५८३.५१**

आय विवरण

(रकम रु. मा)

विवरण	लेखा परीक्षण नभएको		
	चैत्र मसान्त २०८१ सम्मा	पुष मसान्त २०८१ सम्मा	चैत्र मसान्त २०८० सम्मा
कुल आम्दानी	२६१,३९८,२६५.२१	२०८,८४९,३६३.३३	२५३,९१५,४६६.८९
विद्युत उत्पादन खर्च	(३५,२३५,७९९.५५)	(१८,९६१,२२२.८८)	(२९,२१३,१४६.१३)
प्रशासनिक खर्च	(१४,७०५,११६.११)	(१०,५५८,७२१.४१)	(१३,९६७,९९५.९१)
ह्रासकट्टी	(२२,४४१,१९३.०४)	(१४,९५४,७५७.५०)	(२२,४७४,५२१.५८)
वित्तिय लागत	(८२,६०४,३८७.८९)	(५०,६३४,८२४.३४)	(११३,५११,९९८.५७)
खुद नाफा/(नोक्सान)	**१०६,४११,७६८.६१**	**११३,७३९,८३७.१९**	**७४,७४७,८०४.७०**

नोट:

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्न अनुसार छन् :

अवधी	प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण)	प्रतिशेयर नेटवर्थ रु.	तरलता अनुपात	प्रतिशेयर कुल सम्पतीको मूल्य रु.	मूल्य आम्दानी अनुपात
यस त्रैमासिक अन्त्य सम्मा	६.२२	१११.०९	४.८८	१७५.६०	४९.२८

२) व्यवसायिक विश्लेषण :

क) त्रैमासिक अवधीमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:

यस कम्पनीले दोलखा जिल्लाको गौरीशंकर गाँउपालिकाको वडा न. ६ मा ११ मेगावाट क्षमताको तल्लो खारे खोला जलविद्युत आयोजनाबाट विद्युत उत्पादन गर्दै आई रहेको छ। हाल २०८१ चैत्र मसान्त सम्मको बिल रकम सहित रु २,९२,६४,४९८.४१ (अक्षरमा: दुई करोड बयानब्बे लाख चौसठी हजार चार सय अन्ठानब्बे रुपैयाँ र एकचालीस पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ।

ख) आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:

यस कम्पनीबाट लगानी गरिएको राप्ती हाइड्रो एण्ड जनरल कन्सट्रक्सन लिमिटेड्द्वारा प्रर्वधित (रुकुम गाढ जलविद्युत आयोजना- ५ (मेगावाट) आयोजनाको निर्माण सम्पन्न गरी विधुतको व्यापारीक उत्पादन शुरु भईसकेको छ तथा सो कम्पनीको शेयर नेपाल धितोपत्र बजारमा सुचिकृत भई कारोबार भईरहेको छ। साथै, यस कम्पनीबाट लगानी गरिएको माथिल्लो इड्खु खोला जलविद्युत आयोजना (२४.२२ मे.वा) को नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद बिक्री संम्झौता प्रकृयामा रहेको छ। साथै विधुत विकास विभाग संग विधुत उत्पादन अनुमति पत्रको प्रकृयामा रहेको छ। गत असार २५, २०८१ मा अप्रत्यासित रुपमा भएको अबिरल वर्षाको कारणले आयोजनाको Intake & Headworks मा क्षति पुग्न गएको साथै काबु बाहिरको परिस्थिती सृजनाको कारण तल्लो खारे खोला जल विद्युतको उत्पादन असार २५ देखि असार २७ सम्म बन्द रहेको थियो जसको बारेमा इन्स्योरेन्स कम्पनीलाई जानकारी गराईएको छ र इन्स्योरेन्स कम्पनीद्वारा क्षतिको यकिन गरि भुक्तानीको प्रकृयामा रहेको छ।

ग) विगतको अनुभवबाट संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण:

विश्वव्यापी जलवायु परिर्वतनको कारणले खोलाहरुमा आएको बाढीको कारणले विधुत उत्पादनमा असर पुग्न गई आम्दानीमा कमी आउन सक्ने छ, जसले गर्दा कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने देखिन्छ। साथै मानवीय नियन्त्रण भन्दा बाहिरको दैविक प्रकोप, काबु बाहिरको असर भने सदा रहिरहने छ।

घ) आयकर:

व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउने र त्यस पछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने व्यवस्था रहेको जानकारी गराउन चाहान्छु।

३) कानूनी कारबाही सम्बन्धी विवरण :

यस त्रैमासिकमा कम्पनीले कसै विरूद्ध र कसैले कम्पनी विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन।

४) कम्पनीको शेयर कारोबार सम्बन्धी विश्लेषण:

क) **धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:**

अधिकतम मूल्य रु.	न्यूनतम मूल्य रू.	अन्तिम मूल्य रू.	कारोबार भएको कुल दिन	कारोबार संख्या
३३२.००	२७०.५०	३०६.६७	५६.००	३२,१३१.००

ख) **धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

५) समस्या तथा चुनौती :

कम्पनीले बहन गर्नु परेको समस्या तथा चुनौतीहरू बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन्। अन्य समस्या र चुनौती समाधानका उपायहरू बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ।

६) संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ।

७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।